# श्री सशस्त्र प्रहरी बल कल्याण कोषद्धारा संचालित
# कालिका फ्यूल स्टेशन, मालेपाटन, पोखरा
## शिलवन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित  मिति ०६६/०३/०४ गते ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत सशस्त्र प्रहरी बल कल्याण कोषद्धारा संचालित कालिका फ्यूल स्टेशन मालेपाटन, पोखराको आ.ब.०६५/०६६ मा हुने निम्नानुसारका निमार्ण कार्यहरु शिलबन्दी बोलपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**निम्नः-**

१) शिलवन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी सशस्त्र प्रहरी बल कल्याण कोष, कालिका फ्यूल स्टेशन मालेपाटन, पोखराको कार्यालय, जिल्ला प्रशासन कार्यालय पोखरा, कास्की तथा कोष तथा लेखा नियन्त्रक कार्यालय पोखरा, कास्कीबाट खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र सम्वन्धि फारामहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे सम्ममा सशस्त्र प्रहरी वल कल्याण कोष, कालिका फ्यूल स्टेशन मालेपाटन, पोखराको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी सशस्त्र प्रहरी वल कल्याण कोष कालिका फ्यूल स्टेशन मालेपाटन, पोखराको कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ । शिलबन्दी बोलपत्र निर्माण व्यवसायी स्वयम् वा अधिकार प्राप्त प्रतिनिधीबाट मात्र दर्ता गराउन सकिने छ ।

२) कार्यालयबाट विक्रि भएका बोलपत्र सम्बन्धी कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १४:०० बजे गठित मुल्याङ्कन समिति, सरकारी प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयको हाता भित्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४) शिलवन्दी बोलपत्रसाथ जमानत वापत कबोल अंकको २.५% रकम सशस्त्र प्रहरी वल कल्याण कोषको नाममा हिमालयन बैंकमा रहेको चल्ती खाता नं.००१००९३४२४००२७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट सशस्त्र प्रहरी वल कल्याण कोष, कालिका फ्यूल स्टेशन मालेपाटन, पोखराको नाउँमा जारी भएको बोलपत्र जमानत, (बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

६) टर्न ओभर, कार्यअनुभव, जनशक्ति, संयुक्त उपक्रम, उपकरण एवं अर्थिक पक्षहरु बोलपत्र पुस्तिकामा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ ।

७) बोलपत्र सम्बन्धी अन्य कुनै कुरा वुझ्नु परेमा सशस्त्र प्रहरी वल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय तथा सशस्त्र प्रहरी वल कल्याण कोष, कालिका फुयल स्टेशन मालेपाटन, पोखराको कार्यालयमा सर्म्पक राख्न सकिने छ ।

८) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेस गर्न सम्बन्धीत निकायमा सिफारिस गर्न सकिनेछ ।

९) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको बोलपत्र मान्य हुने छैन ।

१०) बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको वारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

११) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२) यस सुचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार हुनेछ ।

१३) यो सुचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.ppmo.gov.np मा समेत उपलब्ध छ ।

| सि.नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/ निर्माण स्थल | टेण्डर फाराम दस्तुर (फिर्ता नहुने) | कै. |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी बल कल्याण कोष, कालिका फ्यूल स्टेशन, मालेपाटन, पोखरा, कास्की । | पेट्रोल पम्प डिस्पेन्सर, पाईपलाईनिङ्ग, ट्यांक, सेड, ब्यारेक, कार्यालय भवन, शौचालय, कालोपत्रे सडक, बाउण्ड्री वाल, फेनसिङ्ग, गेट तथा अन्य सिभिल निर्माण कार्यहरु, मालेपाटन, पोखरा, कास्की । | ने.रु.३,०००।- | |